**भरतपुर उप-महानगरपालिकाको दोश्रो नगरपरिषद्मा प्रस्तुत**

**आर्थिक बर्ष ०७३/७४ को लागि प्रस्तावित नीति, कार्यक्रम तथा आय/व्यय सहितको**

# बजेट वक्तव्य

भरतपुर उपमहानगरपालिकाको यस सम्मानित नगर परिषद्मा पाल्नुहुने प्रमुख अतिथि, नेपाल सरकारका मुख्य सचिव श्रीमान् सोमलाल सुवेदीज्यू, व्यवस्थापिका संसद्का माननीय सांसद्ज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, राजनैतिक दलका जिल्ला प्रमुखज्यूहरु, स्थानीय विकास अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, नगर विकास समितिका अध्यक्षज्यू, विभिन्न राजनैतिक दलका नगर प्रतिनिधिज्यूहरु, पूर्व नगर प्रमुख, उपप्रमुख एवं पदाधिकारीज्यूहरु, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, संचारकर्मीहरु, सामाजिक व्यक्तित्वहरु, टोल विकास संस्थाका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु तथा यस कार्यक्रममा उपस्थित विशिष्ट महानुभावहरुमा भरतपुर उपमहानगरपालिकको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहन्छु । नेपालका शहरहरु मध्ये तिव्र जनसंख्या बृद्धि र तिव्र आर्थिक विकास गरी रहेको, हाम्रो सभ्यताको मुहान पवित्र नारायणी नदीको बायाँ किनारमा अवस्थित सुन्दर भरतपुर नगरीको कार्यकारी प्रमुखको हैसियतले यस नगरपरिषद् समक्ष आ.व. ०७३/७४ को लागि स्वीकृत नीति, कार्यक्रम तथा आय व्ययको अनुमान समेटिएको वजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित महशुस गरिरहेको छु ।

सर्वप्रथम आजको यस ऐतिहासिक दिनमा यहाँहरु माझ प्रस्तुत भै रहँदा, विभिन्न वलिदानीपूर्ण आन्दोलनहरुमा आफ्नो प्राण उत्सर्ग गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धान्जिली अर्पण गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

सहभागिता मुलक योजना तर्जुमा पद्धति अर्न्तगत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समेतका हरेक प्रकृया तथा तहमा सरोकारावाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा पूर्व योजना तर्जुमा बैठक, वडास्तरीय योजना तर्जुमा बैठक, विषयगत योजना तर्जुमा गोष्ठी, एवं एकिकृत योजना तर्जुमा बैठकमार्फत सम्बद्ध सबै संग राय परामर्श लिंदै, व्यापक अर्न्तक्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै तयार पारिएको आर्थिक वर्ष ०७३/७४ को बार्षिक नगर विकासको प्रस्तावित योजना सहित यहाँहरु समक्ष उपस्थित भएको छु ।

व्यवस्थित उद्यमशील सहरको लक्ष्य लिएको, विगतमा नगरपालिकाको रुपमा रहेको भरतपुर हाल उप-महानगरपालिकाको रुपमा स्तरबृद्धि हुदै क्षेत्र विस्तार समेत भएको प्रस्तुत अवस्थामा हामी थुप्रै सम्भावना र चुनौतीका बीचमा रहेको कुरा विनम्रता पूर्वक अनुरोध गर्न चाहन्छु । प्राकृतिक स्रोत साधन, पर्यटकीय क्षेत्रहरु, विशाल कृषि योग्य जमीन तथा चेतनशील र आर्थिक रुपले सकृय नागरिकहरु हाल यस उमनपाको परिवार बन्न पुग्न भएको छ । यसको साथै, विस्तारित क्षेत्रबाट अपेक्षित रुपमा राजश्व परिचालन हुन नसक्ने तथा ठूलो भूगोल थपिएको कारणले गर्दा विकासलाई सघन हिसावले केन्द्रीत गर्न नसक्ने चुनौति पनि हाम्रो सामु विद्यमान छन् ।

नगरपालिका विस्तार भै उपमहानगर बनेको आजको सन्दर्भमा नगरको केन्द्रमा अवस्थित वडाका बासिन्दाहरु तथा नगरका विस्तारित वडाका बासिन्दाहरुको बीचमा केही भावनात्मक दुरी रहेको मैले महशुस गरेको छु । विस्तारित वडाका वासिन्दाहरुमा उपमहानगरपालिकाको अंग बनेको कारणले विकासलाई ति क्षेत्रमा केन्द्रीत गर्नु पर्ने माग

रहेको तथा नगरका केन्द्रका वडाहरुमा कर तथा शुल्क केन्द्रमा ज्यादा परिचालित भएकोले विकासलाई ज्यादा विकेन्द्रीत गरिनु नहुने भावना रहने गरेको पाएँ । उक्त दुवै विचारधाराहरु आफ्ना आफ्नो ठाउँमा सही नै हुन् । उक्त भावनाहरुलाई सम्मान गर्दै, प्रस्तुत बजेट तर्जुमा गर्दा, अधिकारमा आधारित विकासको अवधारणालाई साकार पार्न विगतमा गाविसको रुपमा रहँदा तत् तत् क्षेत्रमा परिचालित हुने गरेको रकममा कुनै कमी हुन नदिई उक्त क्षेत्रहरुलाई अधिकतम् प्राथमिकतामा राख्दै, सन्तुलित बजेट तैयार गर्ने प्रयत्न गरेको छु ।
यसको साथै विस्तारित वडाका बासिन्दाहरुमा विगतमा गाविसमा रहँदा त्यहाँबाट पाईरहेको सेवा सुविधा समेत नपाएको, योजना तर्जुमा तथा कार्यान्वयनमा आफ्नो भूमिका घटेको महशूस भएको हुन सक्दछ । यस विषयमा उमनपा चिन्तनशील भै, सेवाकेन्द्रको विकास गर्दै सेवा प्रवाहलाई विकेन्द्रीत गर्ने नीति लिएको ब्यहोरा अनुरोध गर्न चाहन्छु । कर्मचारी पदपूर्ति हुन नसकेको तथा केही प्राविधिक तयारीहरु गर्नु पर्ने भएकाले यसमा बिलम्व भएको छ तर यो विषय उच्च प्राथमिकतामा रहेको ब्यहोरा सादर अनुरोध छ ।

**उपस्थित विशिष्ट महानुभावहरु :**

अब म आर्थिक वर्ष०७३/७४ को वजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका नीतिगत मार्गदर्शनको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।
आ.व. ०७३/७४ को वजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्बन गरिएको छ :

- आवधिक योजनाले लिएका उद्देश्य तथा स्थानीय निकायले प्राप्त गर्नुपर्ने भनी निर्धारित गरेका सूचक र ती सूचकहरुलाई परिपूर्ति गर्ने खालका कार्यक्रमहरु ।
- नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, एवं जिल्ला विकास समिति, चितवनबाट प्राप्त वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु ।
- स्थानीय स्वायत्त शासन ऐन, नियमावली, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ आदिले परिलक्षित गरेका विषयहरु ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र उमनपाका कार्यकारी अधिकृत बीच सम्पन्न कार्यसम्पादन सम्झौताले परिलक्षित गरेका सुचकहरु ।
- जनसहभागिता, लागत सहभागिता, स्थानीय श्रोत साधनको परिचालन मार्फत शसक्तिकरण, मुल प्रवाहीकरण मार्फत समावेशी एवम् दिगो विकासलाई सहयोग गर्ने खालका कार्यक्रमहरु ।
- संस्थागत सुशासन, उत्तरदायित्व एवम् जवाफदेहीता सुनिश्चित गर्न आयोजना गरिएका सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक सर्वेक्षण, आवधिक समीक्षा आदिको निश्कर्ष तथा प्राप्त पृष्ठपोषण ।
- उप-महानगरपालिकाको आन्तरिक श्रोत परिचालनलाई बढाउँदै फराकिलो दायरा न्यूनतम् दरलाई परिपूर्ति गर्ने खालका कार्यक्रमहरु, यससँग सम्बन्धित विभिन्न अध्ययन प्रतिवेदनहरु ।

**आदरणीय प्रमुख अतिथि तथा महानुभावहरु :**

जनताको नजिक रहेका निकायहरुमा जनताका लागि आवश्यक विषयमा निर्णय गर्न पाउने अधिकार प्रदान गर्नु पर्ने परिपुरण (Subsidiarity) को सिद्धान्त बमोजिम नेपालको स्थानीय निकायहरुले आफूलाई प्राप्त अधिकार तथा जिम्मेबारीको अभ्यास गर्दै आएको कुरा यहाँहरु समक्ष विदितै छ । राज्यको अधिकार जनताको तहसम्म विस्तार गर्ने प्रस्तुत अभियानमा स्थानीय स्वायत्त शासन ऐनले पर्याप्त मात्रामा जिम्मेबारीको हस्तान्तरण गरेको

भएता पनि श्रोत परिचालनको सीमित दायराको कारणले स्थानीय निकायहरु आफ्नो तोकिएको जिम्मेबारी पूर्ण रुपमा निर्वाह गर्ने कुरामा प्रभावकारी हुन सकेका छैनन् ।

स्थानीय विकासको यस अभ्यासका क्रममा स्थानीय निकायहरुले आफ्नो क्षेत्रको आर्थिक विकासमा पर्याप्त ध्यान दिन नसकेको तर्फ समेत म यहाँहरुको ध्यानाकर्षण गराउन चाहन्छु । स्थानीय आर्थिक विकासको माध्यमद्वारा स्थानीय निकायहरुले आफ्नो तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी त्यसको प्रर्वद्धन मार्फत रोजगारी सृजना र स्थानीय स्तरमा उद्यमशीलताको प्रर्वद्धन तर्फ अग्रसर हुनु पर्नेमा त्यस क्षेत्रमा हाम्रो पर्याप्त ध्यान पुग्न सकेको छैन ।

विकासको क्रममा पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, स्थानीय स्तरमा रोजगारीका अवसरहरु वृद्धि गरी युवा जनशक्तिलाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने आशाको संचार गराउनु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नु, कृषि पेशालाई अशिक्षित र गरिबको पेशाबाट सम्मानित पेशाको रुपमा रुपान्तरण गरी युवाहरुको संलग्नतालाई प्रोत्साहित गर्नु, उपलव्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नु, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्नु आदि विकास प्रकृयाका विद्यमान चुनौतीहरु हाम्रा सामु छन् ।

उल्लेखित चुनौतीहरुका वावजुद विकास प्रति सम्पूर्ण नगरवासीहरुको ऐक्यवद्धता तथा नगरमा कृयाशील सवै राजनीतिक दलहरु बीचको सुझवुझ पूर्ण समझदारीले सीमित साधन श्रोतको महत्तम् उपयोग गरी जनचाहना अनुरुप प्राथमिकताका क्षेत्रमा साधन विनियोजन गर्न सकिएको तथ्य अनुरोध गर्न चाहन्छु ।

**प्रमुख अतिथी, विशिष्ट अतिथीज्यूहरु एवं उपस्थित महानुभावहरु** :
अव म आ.व. २०७१/०७२ को प्रगति समिक्षां संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आ.व. ०७१/७२ मा आन्तरिक आय ११ करोड ७१ लाख ७० हजार , वाह्य अनुदान २५ करोड ६८ लाख ५८ हजार ७ सय ८५ गरी कुल बजेट ३७ करोड ४० लाख २८ हजार ७ सय ८५ अनुमान गरीएकोमा आन्तरिक आय तर्फ १५ करोड २२ लाख ३४ हजार ९ सय ५५ तथा वाह्य अनुमान तर्फ ३३ करोड ८३ लाख ८५ ह्जार ७ सय ८८ पैसा ५२ भई जम्मा यर्थाथ आय ४९ करोड ०६ लाख २० हजार ७ सय ४३ पैसा ५२ भई लक्ष्यको तुलानामा १३१ प्रतिशत प्रगति हासिल भएको छ । आ.व.२०७०/०७१ मा २६ करोड ३३ लाख ३१ ह्जार ७ सय २१ बजेट अनुमान गरिएकोमा ३० करोड ५५ लाख ६१ हजार १ सय ३३ यथार्थ आय भई ११६ प्रतिशत प्रगति भएकोमा आ.व.२०७१/०७२ मा ४९ करोड ०६ लाख २० हजार ७ सय ४३ यथार्थ आय भै ११ करोड ६५ लाख ९१ ह्जार वृद्धि भएको सुखद् अवस्था छ । आन्तरिक स्रोत परिचालन तर्फ आ.व. २०७०/०७१ मा १० करोड २८ लाख ४४ हजार ४ सय ३९ मात्र रहेकोमा आ.व. २०७१ /०७२ मा १५ करोड २२ लाख ३४ हजार ९ सय ५५ रहेको छ । जुन आ.व. ०७१/०७२ को लक्ष्यको तुलनामा १४८ प्रतिशतको प्रगति हो । आ.व. ०७०/७१ को कुल बजेटमा आन्तरिक आयको अशं ३३.६५ प्रतिशत रहेकोमा आ.व. ०७१/७२ को कुल बजेटमा आन्तरिक आयको अशं ४०.७० प्रतिशत रहन आएको छ ।

वाह्य अनुदान तर्फ आ.व. ०७१/७२ मा २५ करोड ६८ लाख ५८ हजार ७ सय ८५ अनुमान गरिएकोमा ३३ करोड ८३ लाख ८५ ह्जार ७ सय ८८ पैसा ५२ यथार्थ प्राप्ति भई लक्ष्यको तुलनामा १३१ प्रतिशत प्रगति प्राप्त भएको छ । शिर्षकगत रुपमा समष्टिगत परीसूचकहरु उत्साहजनक रहेको छ । लक्षित वर्ग तर्फ आ.व.

०७१/७२ मा ८७.३८ प्रतिशत प्रगति हासिल भएको छ। पूर्वाधार तथा संरचना विकास तर्फ गत आ.व.मा ७४ प्रतिशत प्रगति हासिल भएको छ । जुन अघिल्लो आ.व.को तुलनामा सन्तोष जनक भएता पनि पूर्णत सन्तुष्ट हुने अवस्था भने होइन । आर्थिक अभाव ले वहुवर्षिय योजना संचालन गरिनु, ठेक्का प्रणाली वाट भएका योजनाहरु समयमा सम्पन्न हुन नसक्नु, निर्माण सामग्रीको अभाव लगायतका कारणले उपभोक्ता समिति मार्फत भएका योजनाहरु समयमा सम्पन्न नभएको कारण शत प्रतिशत प्रगति हासिल गर्न नसकिएको हो । चालु खर्च तर्फ आ.व.०७०/७१ मा ६ करोड ७४ लाख ८१ ह्जार खर्च भएको अवस्था छ। नगरपालिका विस्तार भई वडा १ देखि २९ भएको अवस्थामा पनि अनावश्यक प्रशासनिक खर्चमा कडाई भएको कारणले यस आ.व.मा ८ करोड २२ लाख ९५ हजार खर्च हुन पुगेको छ । जुन गत आ.व.को. तुलनामा करिव १ करोड ४८ लाख १४ हजार वढी हो । आर्थिक अनुशासनको पालनामा गरिएको कडाई, अनावस्यक खर्चमा गरिएको कटौति आदीले यो प्रशासनिक खर्च नियन्त्रण गर्न सम्भव भएको छ।

आर्थिक अनुशासनतर्फ : वित्तिय अनुशासनको हिसावले विगतका अवस्थाहरु गर्व गर्न लाएक थिएनन् । केन्द्रीय अनुदान तर्फ कुनै पनि वेरुजु नहुनु सुखद् रहेता पनि आन्तिरिक श्रोत तर्फको वढिरहेको पेश्की नियन्त्रण र फस्यौट गर्नु चुनौतिको विषय रहेको छ । सप्टवेयरको प्रयोगवाट वेरुजुको अभिलेख विश्लेषणात्मक एवं अध्यावधिक रुपमा दुरुस्त राखिएको छ । अझै पनि स्थापनाकाल देखि सर्दै आएको पेश्की वेरुजु यस उपमहानगरपालिका कार्यालयको सवै भन्दा वढि चिन्ताको विषय रहेको छ।

आ.व. ०७१।०७२ मा पर्याप्त निकासा प्राप्त नभएको कारणले वहुवर्षिय योजना संचालन गरिनु, उपभोक्ता समिति मार्फत भएका कार्यहरु समयमा सम्पन्न नहुनु, ठेक्का वाट भएका योजनाहरु पनि विनासकारी भुकम्पको कारणले समयमा कार्य सम्पन्न हुन नसक्नुले आ.व. को अन्त्यमा ठूलो रकम पेश्की बाँकी देखिन आयो ।

आ.व. ०७०।०७१ को अन्त्यमा रु ६ करोड ६५ लाख ८७ हजार रहेको पेश्कीमा रु ३ करोड १९ लाख ६४ हजार मात्र फछ्र्यौट भई विगतको पेश्की रु ३ करोड ४६ लाख २२ हजार मा रु ५ करोड २ लाख ७० हजार थप भएको छ। यसरी आ.व. ०७१।०७२ सम्म कुल पेश्की रु ८ करोड ४८ लाख ९३ हजार बाँकी रहेको अवस्था छ। वडा कार्यालय तथा पदाधिकारी पेश्की अत्यन्त पुरानो भएको तथा कतिपय पेश्की फछ्र्यौट हुन वाकी रहेको व्यक्तिहरुको मृत्यु समेत भईसकेकोले फछ्र्यौट गर्न कठीन भएता पनि पेश्की फछ्र्यौट कार्यलाई प्राथमिकता दिई यसका लागि पेश्की वेरुजु फछ्र्यौट कार्यदल गठन गरी कार्य गरी रहेकोमा यसलाई अझ प्रभावकारी ढंगले कियाशिल गराई पेश्की तथा वेरुजु न्यूनीकरण गरिदै लगिने छ।

**प्रमुख अतिथी, विशिष्ट अतिथीज्यूहरु एवं उपस्थित महानुभावहरु** :

अव म यस नगरपरिषद् मार्फत हामीले उच्च महत्व दिएका केही विषयहरुको बारेमा प्रकाश पार्न चाहन्छु :

१. लगानी योग्य पूँजीको पर्याप्तता नभएको हालको अवस्थामा स्थानीय आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीको रणनीतिलाई विशेष प्राथमिकता दिनु पर्ने अवस्था छ । सानिसा अवधारणा अनुरुप नीजि क्षेत्र समेतको सहकार्यमा नगरक्षेत्र भित्रको भौतिक पूर्वाधार विकास, आर्थिक विकास, फोहरमैला व्यवस्थापन, पर्यटन पूर्वाधार निर्माण लगायतका कार्यहरु गर्ने नीति हामीले लिएका छौं । सानिसा अवधारणामा उपमहानगरपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्न परामर्शदाताको छनौट भै सकेको छ र छिट्टै यस

अभियानले गति लिने विश्वास लिएको छु । यस कार्यको लागि चालु आ.व. मा पच्चीस लाख बजेट व्यवस्था गरिएको छ र आगामी आ.व. मा यसलाई निरन्तरता दिइने छ ।

२. सेवा प्रवाह, तथ्याङ्क भण्डारण, प्रतिवेदन प्रकाशन लगायतका विषयमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइएको छ । उमनपाले आफ्नो वेवपेजमा आधारित भै मोवाईल एप निर्माण गरी परिक्षणको क्रममा रहेको छ । गुनासो व्यवस्थापन गर्न WeGO को प्राविधिक सहयोगमा Software निर्माण र जडान भै परिक्षणको क्रममा रहेको छ । केही दिन पश्चात यि सेवाहरु नगरबासीहरुको सुविधाको लागि सार्वजनिक गरिने छ ।

३. संविधान सभा मार्फत नेपालको संविधान जारी भै सकेपछि देशमा संक्रमणकालको अन्त्य भै अव देश आर्थिक विकासको एजेण्डामा प्रवेश गर्ने कुरामा सवै नेपाली विश्वस्त छन् । आर्थिक विकासमा केन्द्रीत हुन तथा उद्यमशील युवालाई आकर्षित गर्न आर्थिक पूर्वाधारहरु तथा पर्याप्त सूचना हुनु आवश्यक छ । यस प्रयोजनको लागि भरतपुरको कुल ग्राहस्थ उत्पादनको विगत र बर्तमान अवस्थाको विश्लेषण (GDP Trend Analysis) गर्न, तथा तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुको पहिचान गर्न विश्वविद्यालयहरु तथा अनुसन्धानकर्ताहरु संग साझेदारी गरिने छ । उद्यमशिलताको प्रवर्द्धन गर्न निजी क्षेत्रका संघ संस्थाहरुको सहकार्यमा उद्यम थालनी परामर्श केन्द्र (Startup Point) स्थापना गरिने छ । यस अभियानमा विश्वविद्यालयका सम्बन्धित विभाग तथा बैंक एवं सहकारीहरुसँग सहकार्य गरिने छ ।

४. भरतपुरको तुलनात्मक लाभको क्षेत्र के हो भन्ने बारेमा विगतमा लामा लामा छलफलहरु भएका छन् । भरतपुरलाई मेडिकल सिटिको रुपमा विकास गर्ने नीति विगतमा लिइएको छ, तर उमनपाले यस नीतिलाई सहयोग गर्ने पूर्वाधार तथा जनशक्ति निर्माणमा ठोस योगदान गर्न सकेको छैन । काठमाण्डौलाई तराई संग जोड्ने द्रुत मार्ग वा टनेल मार्गको संभावना वढि रहेको अवस्थामा पूर्वमा हेटौडादेखी पश्चिममा दाउन्ने सम्मको क्षेत्रमा तिव्र औद्योगिकरण हुने संभावना देखिएको छ । उक्त क्षेत्रमा औद्योगिक कोरिडोरको विकास भएमा यस क्षेत्रको नेतृत्व भरतपुरले नै लिने कुरामा विवाद छैन । अतः भरतपुरले यसको तैयारी गर्नु सान्दर्भिक हुने देखिन्छ ।

५. भरतपुरलाई आगामी दिनमा योजनाबद्ध विकासको बाटोमा हिडाउने प्रयास गरिने छ । चालु आ.व. मा नगर सडक गुरुयोजना MTMP निर्माण अन्तिम चरणमा पुगेको छ । यसको साथै एलजिसिडिपीको सहयोगमा वृहत सहरी विकास योजना तर्जुमाको लागि पच्चीस लाख विनियोजन भैसकेकोले यसको कार्यक्षेत्रगत सूची TOR प्राप्त भए पछि परामर्शदाता छनौटको प्रकृया थालनी गरिने छ । वृहत सहरी विकास योजनाले आवधिक योजनाको अभाव महशुस हुन दिने छैन । यसै गरी आगामी आ.व.मा उमनपा स्तरिय भू-उपयोग योजना तर्जुमा गर्ने कार्यको लागि समपुरक कोष स्वरुप छ लाख प्रस्ताव गरेको छु ।

६. विगत धेरै वर्ष अगाडि देखि चक्रपथ निर्माण अवधारण आएपनि हालसम्म यस्को ठोस शुरुवात नभएको र उप-महानगरपालिका भएपछि रेखांकन एवं सीमाङ्कन पुनः गर्नु पर्ने भएकोले सरोकारवालाहरु संग व्यापक छलफल गरि आगामी आ.व.०७३।७४ मा यसको संभाव्यता अध्ययन एवं विस्तृत आयोजना प्रतिवेदन तयार गरिने छ । यस्का लागि रु. १५ पन्ध्र लाख विनियोजन गरेको छु ।

७. साविकको दियालो बंगाला, हाल नेपाल ट्रष्टको जग्गालाई उक्त संस्थाको उद्देश्य मुताविक केही आम्दानी समेत गर्ने गरी संचालन अधिकार यस उमनपामा माग गर्ने निर्णय गरिएको छ । दियालो वंगलालाई सवै सरोकारवालाहरुको परामर्शमा कुनै उपयुक्त विधिमार्फत संचालन गरी यसको पूर्वी क्षेत्रमा वाल उद्यान निर्माण गर्ने नीति लिइएको छ । उक्त उद्यानको लागि संभाव्यता अध्ययन एवं विस्तृत आयोजना प्रतिवेदन DPR तयार गर्न रकमको व्यवस्था गरेको छु ।

८. जलदेबी समुदायिक बन नजीक sanitary landfill site निर्माणको लागि नेपाल सरकार, बन विभागबाट भोगाधिकार प्राप्त भएको स्थानमा उक्त पूर्वाधार निर्माणको डिपिआर तयार गर्ने कार्यलाई प्राथमीकता दिईने छ । उक्त स्थानमा ल्याण्ड फिल्ड साइट निर्माणको लागि फोहर मैला ब्यवस्थापन प्राविधिक सहयोग केन्द्र संग प्राविधिक सहयोग लिई परियोजना प्रस्ताव तैयार गरी दातृ निकायहरु समक्ष पहल गरिने छ । सोध भर्नाको लागि किनेको माडी नगरपालिका क्षेत्रको १५ विघा जग्गामा तारबार गरी वृक्षारोपण गर्ने कार्यलाई अगाडी बढाईने छ ।

९. भरतपुर क्षेत्रीय अस्पताल, चितवन मेडीकल कलेज, विपि कोइराला मेमोरियल क्यान्सर अस्पताल र भरतपुर मेडिकल कलेजको सहकार्यमा, फोहरमैला व्यवस्थापान ऐन तथा सम्बन्धित कानुनको परिधिमा रही उचित स्थानमा, अस्पतालजन्य फोहरमैला विसर्जन गर्न Incinerator वा उपयुक्त प्रविधिको स्थापना गर्न पहल गरिने छ । अस्पतालजन्य फोहर संकलन गर्न अलग्गै सवारी साधनको व्यवस्था गरिने छ ।

१०. नगर सरसफाई कार्यलाई थप प्रभावकारी बनाउन हाल गरिएका कार्यक्रम तथा सञ्चालित कृयाकलाप, परिचालित संस्थाहरू तथा विद्यमान क्षमता, अवसर तथा चुनौतिहरूको वृहत स्केलमा Bottle Neck Analysis गरी सोही प्रतिवेदनले निर्दिष्ट गरेका कार्यक्रम र कृयाकलाप कार्यान्वयन गरिने छ । यस उपमहानगरपालिका भित्र गरिने सेवा प्रवाहलाई छिटो छरितो एवं भरपर्दो गराउन चालु आ.व.मा एउटा तथा आगामी आ.व. भित्र अर्को एउटा उपयुक्त स्थानमा सेवा केन्द्र निर्माण गरिनेछ ।

११. उमनपा भित्र रहेको ग्रावेल सडकको ठूलो Network मा समय समयमा समस्या आउने, ग्रावेल मिलाउनु पर्ने, खाल्डा खुल्डी पुर्नु पर्ने र यस कार्यको लागि वडास्तरीय वजेट समेत विनियोजन गरिने गरिएको र यसको लागि खासगरी उमनपाका विस्तारित वडाबाट व्यापक माग आएको कारणले आगामी आ.व. मा जगेडाकोषको रकमबाट एक थान ग्रेडर खरिद गर्ने र उमनपाको हाल संचालित पुरानो ग्रेडर लिलाम गरी समपुरक कोषको ब्यवस्था गर्ने नीति लिइएको छ ।

**उपस्थित महानुभावहरु :**

अब म आगामी आर्थिक बर्षको लागि लिईएका प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रमको बारेमा संक्षिप्त प्रकाश पार्न चाहन्छु ।

## पुर्वाधार तथा संरचना विकास तर्फ :

१. गत आ.ब. मा संझौता भई सञ्चालनमा रहेका क्रमागत योजनाहरुलाई प्राथमिकतामै राखी सम्पन्न गरीनेछ । महत्वाकांक्षी लक्ष्य निर्धारण भै, तदनुरुप श्रोत परिचालन हुन नसकेको कारणले चालु आ.व.को शुरुवात मै भुक्तानी असन्तुलनको अवस्था पर्न गएको छ । यसलाई सम्बोधन गर्न यस आ.ब. मा रु १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ । साविक भरतपुर नगरपालिका भित्रका अधिकांश सडकहरुको लगत कट्टा नभएकोले आगामी आ.व.मा लगत कट्टाको अभियानमूलक कार्यक्रम संचालन गरिने छ । यसको लागि पाँच लाख विनियोजन गरेको छु ।

२. भरतपुरमा प्रचुर विकासका संभावना भएता पनि हालसम्म स्तरीय रंगशाला, प्रदर्शनी स्थल, सभा सम्मेलन केन्द्र आदि नभएको हुदां सो प्रयोजनको लागि उपयुक्त जग्गाको खोजी गरिने, तथा संचालित संस्थाको स्तरोन्नति गरिने छ । विस्तारित वडाहरुमा यस प्रयोजनको लागि जमीन उपलब्ध भएमा विकासलाई

विकेन्द्रीत गर्न समेत सहयोग पुग्न जानेछ । जमीनको टुङ्गो लागेको अवस्थामा आयोजना तयारीको लागि प्रारम्भिक वातावरणीय अध्ययन गर्न पाँच लाख बजेटको व्यवस्था गरेको छु ।

३. मर्मत संभार कोषबाट आकस्मिक सडक मर्मत सम्भारको नगरको आन्तरिक स्रोतवाट सडकको प्याच वर्क कार्य गर्न पचहत्तर लाख विनियोजन गरेको छु । यसबाट भरतपुरको शहरी सडकहरु विग्रनुपूर्व नै मर्मत सम्भार तथा बर्सात पछि मर्मत सम्भार भई शहरको सुन्दरता वृद्धी गर्दै दुर्घटना न्यूनिकरणमा योगदान पुग्ने विश्वास लिएको छु ।

४. विद्यमान ४ फिट भन्दा अग्ला, भुकम्पीय दृष्टिले जोखिम युक्त पर्खालहरु एवं कच्चा किसिमले निर्माण भएका पर्खाललाई भत्काउन लगाइने छ । साथै अव बन्ने पर्खालहरु मपदण्ड बमोजिम उपमहानगरपालिकावाट स्वीकृति लिई निर्माण गर्नु पर्ने छ । यो नीति सरकारी कार्यालयको हकमा समेत लागू हुने छ ।

५. ७० प्रतिशत भन्दा वढी जनसहभागिता जुटाउने उपभोक्ताहरुवाट आएका योजनाहरु मागेकै समयमा स्वीकृत गरि संचालन गर्ने नीति लिइने छ । यसका लागि पचास लाखको कोष व्यवस्था गरेको छु । उमनपाले संचालन गर्ने ठूला आयोजनाहरुको संभाव्यता अध्ययन गराई उमनपामा डिपिआर (DPR) बनेका आयोजनाहरुको बैंक (सूची) तयार गर्ने नीति लिइएको छ । यसबाट लगानी जुटाउन उपयोगी हुने विश्वास लिएको छु ।

६. नगर यातायात गुरुयोजना (MTMP) तयारी अन्तिम चरणमा पुगेको छ । नगरको योजना तर्जुमा, कार्यान्वयन, राजश्व परिचालन लगायतका विविध कार्यमा यसको बहुउपयोग गरिनेछ । यसलाई कर प्रशासन, सडक तथा घर नम्बर वितरण लगायतका कार्यमा उपयोग गर्ने नीति समेत रहेको छ ।

७. एक घर दुई रुखको नीतिलाई जोड दिंदै, प्रत्यक्ष रोजगारी सृजना गर्ने कम्तीमा एक आयोजना महिला कै सहभागितामा मात्र सञ्चालन गर्ने कार्य यस आ.ब. मा थालनी गरिने तथा निरन्तरता दिईने छ । दृष्टि विहीनहरुलाई सङ्केत युक्त टायल लगाई एउटा नमूना फुटपाथ बनाईने छ ।

८. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२, 'राष्ट्रिय भवन संहीता–२०६०' तथा प्रचलित अन्य मापदण्डहरुलाई एकिकृत गरी "भरतपुर उप-महानगरपालिकाको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड तथा कार्यविधि, २०७२" स्वीकृत गरी लागू गर्ने निर्णय गरिएको छ । उमनपा भित्रका सडकहरुको Right of way मा बनेका संरचनालाई हटाउने अभियान सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु । मापदण्ड विपरितका संरचनालाई क्रमश: हटाउदै लगिनेछ ।

९. कम्तिमा सार्वजनिक बसको एउटा रुटमा स्टप बाहेक अन्यत्र बस नरोक्ने, सवै स्टपमा संकेत चिन्ह राख्ने, बसको समय तालिका सार्वजनिक गर्ने कार्य गरिने छ । यसमा व्यवसायी समिति र अन्य सरोकारवालाको सहयोग लिइने छ । ट्राफिक संकेत चिन्ह र बोर्डहरु आवश्यक मात्रामा निर्माण गरी ट्राफिक प्रहरीलाई उपलब्ध गराईने छ । यसमा साझेदारी र सहकार्यको खोजी समेत गरिने छ ।

१०. उप-महनगरपालिकाबाट सञ्चालन हुने योजनाहरुमा अधिकतम जनसहभागिता हुने योजनाहरुलाई पहिलो प्राथमिकता दिईने छ । नगरपालिकाको वर्तमान ५०:५० को अवधारणालाई कायमै गरीएको छ । सार्वजनिक तथा सरकारी कार्यालयको जग्गा, बन, सुकुम्वासी तथा विपन्न वस्ती रहेको अवस्थामा ५ देखि २० प्रतिशत सम्म जनसहभागिता कम गर्न सकिने व्यवस्था गरीएकोछ । विस्तारित वडाहरुका ग्रामीण बस्तिमा समेत यो सुविधा उपलब्ध हुने छ । यस उपमहानगरपालिकाको विद्यमान रणनैतिक सडकहरुको स्तरोन्नति सहित पिच पुन:निर्माण गर्न हाल कायम रहेको जनसहभागिता प्रतिशत ३० (तीस) वाट घटाई २५(पच्चीस) प्रतिशत कायम गरेको छु ।

११. **<u>"उज्यालो भरतपुर, सुरक्षित भरतपुर"</u>** को अवधारणा वमोजिम सौर्य सडक वत्ती जडानलाई अभियानको रुपमा अगाडि लगिने छ। सडक वत्ती व्यवस्थापन गर्न कुल पचास लाख विनियोजन गरेको छु।

१२. जुनसुकै शिर्षकबाट बजेट विनियोजन गरिएको भएतापनि जुन आर्थिक बर्षको लागि बजेट विनियोजन गरिएको हो, सोही आर्थिक बर्षमा आयोजना सम्पन्न गरिसक्नु पर्ने नीति लिइएको छ । आ.ब. को चैत्र मसान्त सम्म सम्झौता गरी कार्यान्वयन अघि नवढेका योजनाहरुलाई वढी लागत सहभागिता हुने योजनाहरु संचालन गर्ने गरी रकमान्तर गर्ने नीति लिइने छ ।

१३. डिभिजन सडक कार्यालयको अनुमति लिई उमनपाका मुख्य प्रवेशमार्गहरुमा प्रवेश द्धार निर्माणको प्रकृया शुरु गरिने छ । यसै गरी नगरको कुनै उचित चोक तथा स्थानमा एउटा कलात्मक Clock Tower निर्माण गर्न सम्बन्धित सरोकारवालहरु संग साझेदारी गरिने छ ।

१४. पत्रकार महासंघको भवन तथा सूचना केन्द्रमा आवश्यक फर्निचर एवं नेपाल प्रेस युनियनको शाखा कार्यालय निर्माणमा साझेदारी गर्न तीन लाख विनियोजन गरेको छु । यस उपमहानगरपालिका अन्तर्गत फराकिला सडकको डिजाइन तथा निर्माण गर्दा साईकलमार्गको व्यवस्था गरिने छ ।

१५. नगरवासीहरुलाई शहरी सेवा उपलब्ध गराउन आवश्यक पर्ने सार्वजनिक शौचालयको लागि आवश्यक जग्गा पहिचान गरी यसै आ.ब. बाट सार्जजनिक शौचालय र सुरक्षीत खानेपानी निर्माणको कार्यलाई प्राथमिकता दिइने छ। यस कार्यको लागि सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार अगाडि बढिने छ।

१६. बजार, पसल, रेष्टुरा, कार्यालय वा यस्तै प्रकारका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

१७. Safer City को अवधारणा बमोजिम भरतपुर तथा नारायणगढ वजारको शहरी सौन्दर्यीकरण बृद्धि गर्न, सुन्दरता विगार्ने बस्तुहरु हटाउन, शहरी सेवालाई प्रभाकारी बनाउन, सार्वजनिक शौचालय तथा ठाउँ ठाउँमा खानेपानीको व्यवस्थापन गर्न, सार्वजनिक यातायातलाई थप व्यवस्थित गर्न, ट्राफिक आईल्याण्ड सुधार गर्न, ट्राफिक वत्तिको व्यवस्था गर्न, र घर, आगन, टोल हुँदै सम्पूर्ण शहर नै सुन्दर र सुरक्षित बनाउन विशेष कार्यक्रमहरु संचालन गर्न थालिएको छ । शहरी सौन्दर्यीकरण अभिवृद्धि कार्यक्रमको लागि आवश्यक बजेट उमनपाले तत्काल उपलब्ध गराउने छ ।

१८. न.पा.को भौतिक एवं सामाजिक सेवालाई अपागं मैत्री बनाउदै अपागंहरुको सामाजिकिकरण, क्षमताबृद्धि, स्वरोजगार एवं पुर्नस्थापनाका लागि आवश्यक सहयोग गरिने छ । अपांग मैत्री र्‍याम्प निर्माणमा केन्द्रीत हुँदै पार्किङ, फुटपाथ, जेव्रा क्रशिङ आदिमा नमूना अपांग मैत्री संरचना निर्माण गरिने छ ।

**<u>नक्सा पास सम्बन्धमा</u>**

१. यस भरतपुर उपमहानगरपालिकामा "आधारभूत निर्माण मापदण्ड–२०७२" लागू हुनु पूर्व नक्सा पास प्रकृयामा रहेका १७ मिटरभन्दा कम उचाईका भवनले भरतपुर उपमहानगरपालिकाद्वारा लागू गरिएको भवन निर्माण मापदण्ड तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा २०७२ माघ १ गते देखि २०७३ पौष मसान्त भित्रको समय दिई तत्कालिन मापदण्ड अनुसार रहेका भवनहरुको हकमा तोकेको प्रक्रिया पुऱ्याई नक्सा पास गरी दिने नीति लिइएको छ ।

२. यस भरतपुर उपमहानगरपालिकामा गाभिन आएका नयाँ वडाहरुमा तत्कालिन गा.वि.स. हुँदा भवन संहिता लागु नभएकोमा उक्त वडाहरुमा निर्माण भएका भवनहरुले सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको, सडक अधिकार क्षेत्रबाट छोड्नु पर्ने सेट व्याक आदि छोडेर निर्माण भएको

अवस्थामा २०७२ माघ १ गते देखि २०७३ पौष मसान्त भित्र भरतपुर उपमहानगरपालिकाले नक्सा पास दस्तुरमा आवाशीय भवनमा पच्चीस प्रतिशत र व्यापारिक भवनमा पन्ध्र प्रतिशत छुट दिई नक्सा पास गरी आफ्नो अभिलेखमा दर्ता गराईनेछ ।

३. यस भरतपुर उपमहानगरपालिकामा "आधारभूत निर्माण मापदण्ड–२०७२" लागू पूर्व नक्सा पास भै निर्माण भएका भवनहरु, हाल निर्माण हुने क्रममा स्वीकृत नक्सा भन्दा फरक निर्माण भएको देखिएकोमा उक्त प्रकृतिका भवनहरुले भवन निर्माण मापदण्ड (तत्कालिन सडक अधिकार क्षेत्र तथा सेट व्याक) तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा २०७२ माघ १ गते देखि २०७३ पौष मसान्त भित्रको समयमा नक्सा संसोधन गरि नक्सा पास गर्न तथा निर्माण सम्पन्न लिन आह्वान गरी थप भएको क्षेत्रफलको नक्सा पास दस्तुर प्रति वर्ग फिट रु. ३० (तीस) लिई नक्सा पास तथा निर्माण सम्पन्न दिईनेछ ।

४. यस भरतपुर उप–महानगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरुमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट व्याक पूरा भएको, तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा र "राष्ट्रिय भवन संहिता–२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय सुदृढीकरण (Retrofitting) सहित तला थपको अनुमति प्रदान गरिनेछ ।

५. सरकारी भवन, सबै प्रकारका व्यापारिक भवन, सबै प्रकारका सँस्थागत भवन, सबै प्रकारका सार्वजनिक भवन, सबै प्रकारका सभा सम्मेलन भवन र १० (दश) आना भन्दा बढी क्षेत्रफलमा बनेका कुल क्षेत्रफल २५००.०० व.फी. भन्दा बढी भएका आवाशिय भवनहरुको नक्सा पास तथा भवन निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्दा उक्त भवनहरुमा प्रयोग हुने कुल उर्जाको २५ प्रतिशत वा १५०० वाट जुन बढी हुन्छ, सोही क्षमताको सौर्य उर्जा जडान गरेर मात्र भवनको नक्सा पास र निर्माण सम्पन्न प्रदान गरिनेछ ।

६. भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको प्राविधिक सहयोगमा नक्सा संग सम्बन्धित सफ्टवेयर निर्माणको पहल भै रहेको छ । यस अन्तर्गत तत्कालको लागि पुराना नक्साहरुलाई डिजिटाइज गर्ने सोचाई राखिएको छ । नक्सा पास तथा यसको क्रममा गरिने प्रकृया, तैयार हुने प्रतिवेदन तथा जारी गरिने प्रमाण पत्रहरुको हकमा एकरुपता ल्याउन तैयार भएको मस्यौदा स्वीकृत गरिएको छ ।

**वालवालिका क्षेत्र**

१. नेपाल सरकारबाट जारी गरिएको "बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ तथा कार्यान्वयन कार्यबिधि- २०६८" बमोजिम **"हाम्रो बालबालिका हाम्रो भविष्य"** भन्ने मर्मलाई आत्मसात गर्दै बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने नीतिलाई निरन्तरता दिई आगामी बि.स. २०७६ सालसम्ममा यस भरतपुर उप-महानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने अभियानलाई प्रभावकारी बनाईनेछ । यसका लागि बालकोषबाट बालबालिका संबन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई प्राथमिकता दिई संचालन गरिने नीति लिईएको छ ।

२. बालश्रम कानूनी र समामाजिक अपराध हो । तसर्थ उमनपा भित्र संचालन हुने कार्य तथा कृयाकलापहरुमा बालश्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीतिको अवलम्वन गरिनेछ । उप-महानगरपालिका भित्र रहेका टोल विकास संस्था, वडा समिति मार्फत टोल र वडालाई बालश्रम मुक्त घोषणा गर्ने अभियान क्रमशः संचलान गरिनेछ ।

३. बालश्रम, सडक बालबालिका लगायत अन्य असहाय, परिवार विहीन तथा जोखिममा रहेका बालवालिकाहरुको पहिचान, उद्धार तथा पुर्नस्थापनाका कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गरिने छ । यसका लागि

अल्पकालिन वाल संरक्षण आश्रय स्थल (Transit Home) को स्थापना, संचालन एवं ब्यावस्थापनामा दातृ निकाय, सरकारी तथा गैर सरकारी संस्थाहरु संग सहयोग, सहकार्य र समन्वय गरिनेछ ।

४. उप-महानगरपालिको योजना तर्जुमा, कार्यक्रम र अनुगमनमा बालबालकिाहरुको अर्थपूर्ण सहभागितामा र वडा तथा नगर बाल संजालको क्षमता विकासको साथै प्रभावकारी क्रियाशिलतामा जोड दिने नीति लिईनेछ ।

## स्वास्थ्य क्षेत्र तर्फ

१. नेपाल सरकारको नीति बमोजिम उप-महानगरपालिकाबाट नगरबासीहरुको आधारभूत स्वास्थ्य सेवामा पहूँच पुयाउने हेतुले प्रत्येक वडामा क्रमश: नगर स्वास्थ्य केन्द्र स्थापना र संचालन गर्ने नीति लिईएको छ । यस आ.व. बाटै वडा नं. १४ मा थप एक नगर स्वास्थ्य केन्द्र स्थापना गरि सेवा विस्तार हुदै छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्वद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरि नगर स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी र महिला स्वास्थ्य सेविकाहरुको क्षमता विकासका अवसरहरु प्रदान गर्ने नीति लिईएको छ ।

२. स्वास्थ्य चौकी तथा नगर स्वास्थ्य केन्द्रहरुमा सहयोगीको व्यवस्था, कार्यरत पूर्णकालिन कर्मचारीहरुलाई सरकारले तोकेको न्यूनतम् ज्यालाको प्रत्याभूति तथा ल्याव संचालन सहयोग कार्यक्रम लगायत नगर स्वास्थ्य सेवाको व्यवस्थापन गर्न रु. १५ लाखको बजेट व्यवस्था गरिएको छ । स्वास्थ्य चौकिहरुमा एक जना कार्यालय सहयोगीको दरवन्दी तथा नगर स्वास्थ्य केन्द्रमा तोकिएका कर्मचारीहरुको लागि स्केल वमोजिमको तलव सुविधा उपलब्ध गराउन र चालु खर्चको व्यवस्थाका समेत गर्ने नीतिगत निर्णयका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य सेवा विभागलाई अनुरोध गरिने छ ।

३. निजि क्षेत्रबाट सञ्चालित अस्पताल, नर्सिंग होम एवं क्लिनिकहरुलाई उ.म.न.पा. मा सूचिकृत गरिने छ साथै यस्ता संस्थाको सेवा प्रवाहको अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउदै लगिने छ । नगरक्षेत्र भित्रका अस्पताल तथा स्वास्थ्य सेवा प्रवाह गर्ने निकायहरुको फोहर मैला व्यवस्थापनको प्रभावकारी अनुगमन गरिने छ ।

## शिक्षा क्षेत्र तर्फ

१. नगरक्षेत्र भित्रका सवै वाल विकास केन्द्रहरु तथा निजी मन्टेश्वरीहरुको सुचिकृत र अनुगमन गर्ने पद्धति लागू गरिनेछ । हरेक सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ र ती केन्द्रहरुको सुधार एवं विकासका लागि बजेट तथा कार्यक्रमहरु लक्षित गरिनेछ ।

२. विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । साथै सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बंचित बालबालिकाहरु लगायत अन्यका लागि अनौपचारिक शिक्षा कक्षा संचालन गरिनेछ ।

## युवा तर्फ

१. युवा वर्गको क्षमता विकास गर्दै उद्यमशिल, सक्षम, सुसंस्कृत एवं क्षमतावान बनाई विकासको मुलधारमा ल्याउन सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वयमा युवा लक्षित व्यवसायिक तथा जीवन उपयोगी शिपमूलक तालिम संचालन गरी रोजगारका अवसरहरु सृजना गर्ने र असल नागरिक बनाउन प्रेरित गर्ने नीति लिईने छ । युवा लक्षित उद्याशीलता प्रवद्धनका तालिम संचालन गरी रोजगारी सृजना गर्ने नीति लिईने छ ।

२. युवा वर्गमा लागु पदार्थ दुर्व्यसन प्रति सजगता तथा HIV/AIDS रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरु संचलान गरिने छ । युवाहरुलाई लक्षित गरी उमनपाको लगानीमा Digital Library स्थापना वा स्तरोन्नति गरिने छ । यस प्रयोजनको लागि रु. ५ (पाँच) लाख व्यवस्था गरेको छु ।

३. युवा वर्गलाई उनिहरुको मानसिक एवं शारिरिक स्वास्थ्य तन्दुरुस्त राख्न विभिन्न खेलकुद गतिविधिको विकास तथा संचालित गतिविधिमा साझेदारी गरिने छ । समग्र खेलकुद क्षेत्रका विकासको लागि पाँच लाख विनियोजन गरेको छु ।

**राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संबन्ध तर्फ :**

१. यस उपमहानगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगिनी सम्वन्ध कायम गर्ने नीति लिइनेछ र यस कार्यमा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ । यसै आ.व. मा अर्न्तराष्ट्रिय नगरहरु संगको भगिनी सम्वन्ध कायम गर्ने पहल गरिनेछ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संबन्ध विस्तार कार्यक्रमका लागि सदस्यता शुल्क लगायतका आवश्यक खर्चको व्यवस्थापन गर्न बजेट ब्यावस्था मिलाईएको छ ।

२. यस उप-महानगरपालिका सदस्य रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुमा नपाको सदस्यतालाई निरन्तरता दिईने छ । नगरको सर्वाङ्गिण हितका लागि यसै आ.व. मा (World E-Eovernnce Organization of Cities) WeGO नामक अर्न्तराष्ट्रिय संस्था संग आवद्धता गरिएको छ । यसैगरी ICLEI लगायतका अन्तराष्ट्रिय सहरी सञ्जालहरुको सदस्यता ग्रहण गर्ने प्रकृयालाई अगाडि बढाइने छ ।

**पर्यटन बिकास :**

१. उप-महानगरपालिकाको पटिहानी, मंगलपुर, विसहजारी ताल, सतनचुली, नारायणी नदी, नगर बन, देवघाट सितामाई लगायतका क्षेत्रहरुलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न पर्यटन सम्बद्ध संघ-सस्थाहरुसंग सहकार्य गर्दै भरतपुरलाई पर्यटकीय गन्तब्यको रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ ।

२. नगर प्रोफाईल, व्यापारिक बुलेटिन, गाइडबुक, नक्सा, पर्य्रटन पत्रिका मार्फत पर्यटन प्रवर्द्धन गर्ने नीति लिईनेछ । इच्छुक बस्तिहरुमा होम स्टे संचालन तथा विकासमा सहयोग गरिने छ तथा हाल होम स्टे कार्यक्रम सञ्चालन भएको क्षेत्रमा यसका सदस्यहरुको लागि क्षमता विकासमा सहयोग गर्ने नीति लिईने छ ।

३. यस उपमहानगरपालिका क्षेत्र भित्र अवस्थित पटिहानी क्षेत्र तथा मंगलपुर क्षेत्रलाई नगरकै प्रमुख पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न नगर पर्यटन विकास योजना तर्जुमा गरी कार्यान्वयन आरम्भ गर्नको लागि पन्द्र लाख विनियोजन गरेको छु ।

४. नारायणी नदी किनारलाई एक मनोरम पर्यटकीय स्थलको रुपमा विकसित गरि नगरको महत्वपूर्ण पर्यटकीय उत्पादनको रुपमा विकास गर्न उद्योग वाणिज्य संघ र अन्य सरोकारवालाहरुसंगको आपसी छलफल र समझदारीमा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । उक्त क्षेत्रको विकास कार्यमा साझेदारी गर्न पन्ध्र लाख विनियोजन गरेको छु ।

## भूमि तथा जलस्रोत तर्फ का नीतिहरु

१. भउमनपा क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ। विस्तारित वडाहरुमा पनि यो अभियान शुरु गर्दै वडागत रुपमा लगत तयार पारिने छ। उपमहानगर क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको विवरण सूचना केन्द्र एवं वेव पेज मार्फत सार्वजनिक गरिने छ। उमनपा क्षेत्रमा रहेको सार्वजनिक जग्गाहरु नपाको स्वामित्वमा ल्याउनको लागि सबैको सहयोग प्राप्त हुने अपेक्षा लिइएको छ।

२. सार्वजनिक जग्गा तथा प्राकृतिक सम्पदा आदि भएको स्थानमा विभिन्न विद्यालय, आमा समुह, क्लव, संघ संस्थाहरुले शुल्क लिने, भवन वनाई भाडा आर्जन गर्ने गरेकाले त्यस्ता जग्गा एवं सम्पदाहरु नगरपालिकाको स्वामित्वमा ल्याउने नीति अवलम्बन गरिनेछ। नगर क्षेत्र भित्र रहेका पार्क, वगैंचाहरुको संरक्षण र सम्बर्द्धन नगरपालिकावाटै गरिने छ। नगरपालिका क्षेत्र भित्र सार्वजनिक जग्गाको प्रयोग कुन सामाजिक संस्थाले कहिले देखी के प्रयोजनको लागि गरेका छन्, त्यसको लगत तयार पारिने छ।

३. वातावरणीय मैत्री हरियाली शहर निर्माणका लागि हाल नारायणी लिफ्टका वन्द भएका नहरहरुको जग्गा उमनपाको नाममा प्राप्त गर्नका लागि नेपाल सरकारलाई अनुरोध गरिने छ।

४. भरतपुर क्षेत्र भित्र खानेपानीको असुविधा भएको क्षेत्रमा भरतपुर खानेपानी व्यवस्थापन वोर्ड संग समन्वय गरी खानेपानी लाइन विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइने छ। खानेपानी वोर्डलाई उमनपाको विस्तारित वडाहरुमा पनि आफ्नो कार्यक्रम विस्तार गर्न आग्रह गरिएको छ। निजि क्षेत्रबाट संचालित भएका वोरिङ्ग तथा पानी व्यवसायीहरुलाई नगरमा सहज रुपमा पिउने पानीको व्यवस्था नभए सम्मका लागि करको दायरामा ल्याई नपाको सिफारिशमा मात्रै पानी वितरण गर्न अनुमति दिईने छ। यसरी वितरित पानीको गुणस्तर निर्धारण र त्यसको अनुगमनको लागि उचित संयन्त्र बनाइने छ।

५.नगर क्षेत्रभित्र यसै आर्थिक बर्ष देखि थप जग्गा विकास कार्यक्रम (Landpooling) संचालन गर्न पहल गरिने छ। यस्ता कार्यक्रमहरुलाई उक्त क्षेत्रको विकास समेत गर्ने गरी योगदानमा आधारित तथा साँध किलो मिलाउने गरी मात्र पनि संचालन गर्न सकिने नीति लिइएको छ। अतः आफ्नो क्षेत्रमा यस प्रकारका जग्गा विकास कार्यक्रम कार्यान्वयन गर्न समुदायहरुलाई आग्रह गरिएको छ।

**कृषि वन तथा वातावरण तर्फका नीतिहरु :**

१. भरतपुर उप-महानगरपालिका विस्तार हुँदा ग्रामिण परिवेश भएको तथा कृषिमा निर्भर ठूलो भूभाग उमनपामा थपिएकोले कृषिलाई प्राथमिकता दिने नीति लिइएको छ। कृषिमा आधुनिकीकरण एवं व्यवसायिकरण गर्न तथा कृषि क्षेत्रमा सिँचाईको सुविधा पुऱ्याउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छन्।

२. नगर क्षेत्रभित्रका भुस्याहा कुकुर नियन्त्रण गर्न जिल्ला पशु सेवा कार्यालय र अन्य संस्थाको सहयोगमा विशेष अभियान संचालन गरिने छ। नगरक्षेत्रभित्र बढ्दै गईरहेको छाडा चौपायाको दीर्घकालिन नियन्त्रणको लागि सम्भाव्यता अध्ययन गरी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने नीति लिइने छ।

३. **स्वच्छ तथा हराभरा भरतपुर**को लक्ष्यका साथ हरियाली प्रवर्द्धन गर्न सडकको दायाँ बायाँ बृक्षारोपण कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमलाई जोड दिईने छ। जलवायु परिवर्तन र यसको प्रभावका कारण पानीको श्रोतमा आएको कामी र जमीनमुनीको पानिको सतह घटेको कुरालाई ध्यानमा राख्दै एक वडा एक पोखरीको कार्यक्रमलाई जोड दिईने छ साथै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ ।

४. केही छानिएका क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न टोल विकास संस्थासँग सहकार्य गरिने छ। जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा अनुगमन तथा निगरानी समिति निर्माण गरीनेछ। हाल संचालित विशेष सरसफाई अभियानलाई निरन्तरता दिईने छ। फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

५. फोहरलाई श्रोतमानै वर्गिकरण गरी प्रांगारीक फोहरलाई व्यवस्थापन गर्ने, पुन प्रयोग गर्न सकिने र बिक्रि वितरण हुने फोहरको लागि सोही वातावरण मिलाउने र श्रोतमा व्यवस्थापन गर्न नसकिने (सिसा, व्याट्रि, औषधिको खोल आदि) फोहरको नगरपालिकाद्धारा उचित व्यवस्थापन गरिने नीति लिइने छ ।

६. चितवन जिल्ला (भरतपुर उपमहानगरपालिका, रत्ननगर, खैरहनी, राप्ती, चित्रवन, र नारायणी नगरपालिका) आसपासको फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि, सार्वजनिक निजि साझेदारीको नीति वमोजिम फोहरबाट इन्धन निकाल्ने, वा उच्च प्रविधियुक्त फोहरमैला व्यवस्थापन कार्यक्रम संचालनको पहल गरिने छ ।

७. लामो समयदेखि उच्च प्राथमिकतामा रहेको पशु वधशाला निर्माणमा ठोष प्रगति हुन सकेको छैन । देशका अन्य स्थानमा निर्मित यस्ता वधशाला तथा वधस्थलहरू, खासमा स्थानीय निकायको संलग्नताले पनि प्रभावकारी बन्न/बनाउन सकेको छैन । अतः उमनपाको साझेदारी निर्माण स्थलको खोजी गरी जमीन उपलव्ध गराउने र निर्माण चरणमा दिने आंशिक अनुदानमा सीमित गरी मासु व्यवसायीहरूलाई सहकारीमा आवद्ध गराई, सोही सहकारी संस्थासँगको साझेदारीमा वधशाला निर्माण गर्न प्रयत्न गरिनेछ ।

८. वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७० को प्रभावकारी कार्यान्वयन गरिने छ । वातावरणमैत्री स्थानीय शासन अवलम्बन कार्यक्रम अर्न्तगत स्वच्छ उर्जा-सैर्य सडक बत्तिको लागि टोलबासी संग आपसी छलफल गरी भउमनपा र टोलको संयुक्त लगानि (५० प्रतिशत लगानिमा) मा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

९. भरतपुर नगर क्षेत्रलाई प्लाष्टिक झोला निषेधित क्षेत्र बनाउने एवं मर्करी (पारो) र लिड (शिसा) मुक्त नगर बनाउन आवश्यक कार्य गरिने छ ।

१०. उमनपामा हाल संचालनमा रहेका सब्जी मण्डीहरुको वृहत मर्मत संभार गर्न आवश्यक देखिएकोले नगर विाकस कोष मार्फत तथा थोक विक्रेताहरुको लागि अर्को सब्जीमण्डीको माग समेत भएको सन्दर्भमा अर्को सब्जीमण्डी निर्माणको लागि जग्गाको खोजी गरी बातावरणीय अध्ययनका कार्यहरु गरिनेछ ।

## राजश्व सम्बन्धी नीति

१. नगरपालिकाबाट उपमहानगरपालिकामा स्तरोन्नति भएको अवस्थामा, यस उमनपाको आन्तरिक आम्दानीको अवस्था यस्तै भूगोल तथा आर्थिक सामाजिक परिवेश भएका उमनपाको तुलनामा धेरै कमजोर देखिएको छ । नेपाल सरकारबाट प्राप्त हुने अनुदानको अनुपात उस्तै हुँदा र आन्तरिक श्रोत कमजोर भएको कारणले असीम संभावनाका बीचमा पनि भरतपुरले भौतिक विकासमा फड्को मार्न सकेको छैन । आन्तरिक आम्दानीमा उल्लेखनीय वढोत्तरीको लागि चालु आ.व. तथा आगामी आ.व.बाट लागु हुने गरी करको दायरा विस्तार गरिने नीति लिइएको छ । यसको लागि कर संकलनका अभियानहरु संचालन गरिनेछन् भने विभिन्न सरोकारवालाहरु संग साझेदारी समेत गरिनेछ ।

२. आन्तरिक आम्दानीलाई सुदृढ गर्न करको दायरा बृद्धिले मात्रै नपुग्ने अवस्था भएकोले मुलतः सम्पत्तिमा आधारित कर तथा नक्सा पास दस्तुर र यसमा गरिने जरिवानाका एवं सरसफाई सेवा शुल्कका दरहरुमा समेत समायोजन गरिने छ । उमनपा स्तरिय नगर सडक गुरुयोजना तर्जुमाको अन्तिम चरणमा पुगेको कारणले उक्त गुरुयोजना निर्माण भएपश्चात एकिकृत सम्पत्ति करको मूल्याङ्कन प्रयोजनको लागि सडकको स्तर सोही गुरुयोजनाले एकीन गरे वमोजिम कायम गरिनेछ । यो प्रावधान चालु आर्थिक बर्षबाटै कृयाशिल हुनेछ ।

३. श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाईने छ । सबै सरोकारवाला एवं करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरि कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

४. एकिकृत सम्पत्ति करको लागि गरिने जग्गाको मूल्याङ्कन, रजिष्ट्रेशन प्रयोजनको लागि कायम गरिएको न्यूनतम् मुल्याङ्कन भन्दा धेरै कम कायम गरिनु समग्रमा सम्पत्तिमा आधारित करको मान्यताको प्रतिकुल अभ्यास हो । एउटै सरकारी संयन्त्र भित्र एउटै सम्पत्तिलाई फरक फरक मूल्याङ्कन कायम गरिनु कसरी सही मान्न सकिएला र? यो अभ्यासले केही हद सम्म करदाताहरुलाई राहत दिएजस्तो देखिएता पनि अप्रत्यक्ष रुपमा राजश्व संग विकास साट्न नपाउने, जनसहभागिताको अनुपात उपभोक्तालाई ज्यादा पर्न जाने, तथा विकास प्राप्त गर्न लामो समय प्रतिक्षा गर्नु पर्ने अवस्था पर्न जान्छ । अतः आगामी ३ बर्ष पश्चात गरिने एकिकृत सम्पत्ति करको दर निर्धारण गर्दा जग्गाको न्यूनतम् मूल्याङ्कन संग तादत्म्यता कायम गर्ने गरी, यस पटकको लागि सरोकारवालाहरु संग छलफल गरी, उक्त मूल्याङ्कनको कम्तिमा ४० देखी ६० प्रतिशत कायम गर्ने नीति लिइने छ । मूल्याकंन दर परिमार्जन गर्न एक कार्यदल तयार गरि कार्यान्वयन गर्न न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गरिएको छ ।

५. व्यवसाय कर संकलनमा चितवन उद्योग वाणिज्य संघ र भरतपुर नगरपालिकाले विगतमा गरेको साझेदारीको अभ्यास हाल निरन्तर नभएको सन्दर्भमा आपसी छलफल मार्फत विश्वास अभिवृद्धि गर्दै साझा निश्कर्षको खोजी गरिने छ । आगामी दिनमा बहाल करको सन्दर्भमा समेत यस्तो साझेदारी गर्न उवासंलाई उत्प्रेरित गरिएको छ ।

६. न.पा.द्धारा बहालमा लगाईएका सम्पत्तीहरुको बहाल बन्दोबस्त गर्दा प्रतिस्पर्धात्मक बिधी अपनाई प्रचलित बजारदरको आधार कायम गरी बहाल बन्दोबस्त गर्दै लगिनेछ । भरतपुर तथा नारायणगढ क्षेत्रमा बढ्दो अव्यवस्थित पार्किगंलाई नियन्त्रण गरी व्यवस्थित सशुल्क पार्किगं स्थलहरुको पहिचान र विकास गर्दै नगरपालिकाको आयमा बृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

७. हरित भवनको मापदण्ड पुरा भएका भवनको नक्शा पास गर्दा तथा ५ बर्ष सम्म एकीकृत सम्पत्ति कर निर्धारण गर्दा लाग्ने करमा १० प्रतिशत तथा अण्डर ग्राउण्ड पार्किङ्ग बनाउने भवनमा नक्शापास दस्तुरमा १०% (दश प्रतिशत) छुटको व्यवस्था गरीने छ । आर्थिक विकासको लागि मुख्य श्रोतको रुपमा रहेको कृषि भूमि बाँझो राख्ने जग्गाधनीहरुलाई एकिकृत सम्पत्ति करमा थप १० प्रतिशत कर लगाउने नीति लिइएको छ ।

८. नगरपालिकाको सरसफाई खर्चको तुलनामा सरसफाई शुल्कको आम्दानी ५० प्रतिशत भन्दा न्यून रहेको आधार र कारण्हरुले गर्दा आगामी बर्षको शूल्कमा सामान्य बृद्धि गरीने छ । सरसफाई शुल्क लागू गरिएका क्षेत्रहरुमा सेवा प्रवाहको लागि यस्तो शुल्क अनिवार्य रुपमा तिर्ने व्यवस्था लागू गरिने छ ।

## <u>संगठन तथा प्रशासन तर्फका नीतिहरु</u>

१.सेवाग्राहीको अधिकारलाई सम्वोधन गर्न १ देखी २९ सम्मका वडामा क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरिने छ । यसको लागि रु २५ हजारको क्षतिपूर्ति कोषको ब्यवस्था गरिएको छ । तोकिएको समयमा सेवा प्राप्त नभएमा यसै कोषबाट क्षतिपूर्ति दिइनेछ र क्रमशः कर्मचारीलाई उत्तरदायी बनाईने छ । यसबाट नगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी र विश्वसनीय हुने विश्वास लिइएको छ ।

२. सेवा प्रवाहको क्रममा कार्यालय भित्र हुने अनियमिततालाई रोक्न शुन्य सहनशीलताको नीति अवलम्वन गरिने छ । सेवा प्रवाहमा पारदर्शिता एवं जवाफदेहीता कायम गर्न गुनासो सुनुवाई तथा उजुरी व्यवस्थापनलाई शीघ्र र प्रभावकारी बनाइने छ । सेवा प्रवाहको अनुगमन गर्न कार्यालयमा ऋऋत्ख जडान गर्ने तैयारी भै रहेको छ । विद्युतीय हाजिरीलाई प्रभावकारी बनाई थप कडाई गरिने छ ।

३. सुशासन प्रवर्द्धन, पारदर्शिता तथा जवाफदेहीता बृद्धि गर्नको लागि सोही उद्देश्यले स्थापित संस्थाहरु सँगको समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिइनेछ । शुसासन एवं पारदर्शीताका लागि विभिन्न सरोकारवाला निकाय संगको सहकार्य र समन्वयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण आदिलाई जोड दिईने छ ।

नोडल अधिकृत, प्रवक्ता, सूचना अधिकृतको कामलाई प्रभावकारी बनाउँदै लगिनेछ । कर्मचारी पेश्कीलाई यस आ.व. मा प्रभावकारी रुपमा असुल पछ्स्र्योट गर्न विशेष नीति अख्तियार गरिनेछ ।

४. कार्य सम्पादनको आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिने छ । नियमावलीको भावना मुतावीक प्रशासनीक खर्चलाई २५ प्रतिशत भित्रै झार्न प्रयत्न गरिने छ ।

५. संगठनको वर्तमान संरचना अनुसार हाल विस्तारित वडाहरुबाट प्रभावकारी सेवा प्रवाह गर्न सकिएको छैन । यसको अलावा विशेष नगरपरिषद्बाट सृजना गरिएका दरबन्दीको पदपूर्ति समेत गर्नु पर्ने अवस्था छ । यसै पृष्ठभूमिमा दरवन्दीमा पुनरावलोकन कार्य गर्नु परेको हुदाँ संस्थागत संरचना विश्लेषण (ODA) गरी प्राप्त हुने प्रतिवेदन नगरपालिका वोर्डमा पेश गरी कार्यान्वयन गर्न परिषद्बाट अधिकार प्रत्योजन गरिएको छ ।

६. खाद्य वस्तुको अनुगमनबाट अखाद्य वस्तुहरुलाई तुरुन्तै हटाउने कार्यवाही अगाडि वढाईने छ । त्यस्तै मासुपसलको अनुगमनलाई तिव्रता दिईने छ । हाल कार्यान्वयन रहेको मासुपसल अनुगमन निर्देशिकालाई समयानुकुल परिमार्जन गर्दै लगिने छ । नगर प्रहरीको कार्य संम्पादनलाई अझै प्रभावकारी वनाउदै बजार अनुगमन तथा निरीक्षण लाई थप तिव्रता दिइने छ ।

७. विस्तारित वडाहरुमा अलग्गै वडा कार्यालयहरुको भवन निर्माणलाई प्राथमिकता दिइने छ । एक बर्षमा एउटा वडा कार्यालय भवनको निर्माण तथा एउटा वडा कार्यालय भवनको मर्मत गर्ने नीति अवलम्बन गरिने छ ।

८. बजार क्षेत्रमा फुटपाथ तथा ठेला निषेधित कार्यक्रमलाई अझै कडाईका साथ कार्यान्वयन गर्दै शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ । वातावरण तथा ध्वनी प्रदुषणमा नकरात्मक असर पु-याउने निम्न गतिका र नगर अनुमति नपाएका सवारीलाई सहरी क्षेत्रमा प्रवेश निषेध गरिने छ ।

९. नगरपालिकाको सेवालाई छिटो छरितो र सरल बनाउन उमनपाको वडा नं. १० मा घरबाटो सिफरिश गर्ने प्रयोजनको लागि सेवा केन्द्र स्थापना गर्ने नीति रहेको छ । विस्तारित वडाहरुका बासिन्दाहरुलाई सेवा दिने उद्देश्यले अर्को एक स्थानमा पनि सेवा केन्द्र स्थापना गरिने छ । उमनपामा रहेको मिटिङ हलको बृहत मर्मत गर्ने योजना समेत प्राथमिकतामा राखिएको छ ।

१०. नगरपालिका कर्मचारी लगायत नागरिक समाज, सामुदायिक, गैर सरकारी संघ संस्था तथा नजी क्षेत्रका अन्य संघ संस्थाका पदाधिकारी तथा सदस्यहरुको क्षमता विकासका गतिविधिहरु सञ्चालन गर्नका लागि विभिन्न विकास साझेदारहरु सँगको साझेदरीमा उपमहानगर क्षमता विकास केन्द्र स्थापना र सञ्चालन गरिने छ । पहिलो चरणमा उमनपाको १ नं. वडा कार्यालयमा यस्तो केन्द्र स्थापनाको तैयारी अन्तिम चरणमा पुगेको र आगामी केही दिनमा नै यसको थालनी गरिने व्यहोरा अनुरोध गर्न चाहन्छु ।

११. यस उमनपाको केन्द्रीय कार्यालयमा रहेको अग्नी नियन्त्रण इकाईलाई भविष्यपरक दृष्टिकोण राखी कार्यालय परिसरबाट स्थानान्तरण गर्नु पर्ने देखिएको छ । तिव्र सहरीकरणको सन्दर्भमा, अन्य नगरपालिका समेतलाई पाएक पर्ने तथा सुरक्षा समन्वय समेत गर्न सहज हुने स्थानको खोजी गरी यसलाई स्थानान्तरण गरिने छ ।

यस परिषद्बाट तर्जुमा गरिएका, भर्खर प्रस्तुत नीति तथा कार्यक्रमको विस्तृत खाका आजका प्रमुख अतिथि, अतिथि तथा अन्य उपस्थित आदरणीय महानुभावहरुको अध्ययन तथा सार्वजनिक जानकारीका लागि यसै मन्तव्यको साथ वितरण गर्ने व्यवस्था मिलाएको छु ।

**आदरणीय महानुभावहरु,**

माथि उल्लेखित विषयगत नीतिहरुको सफल कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष ०७३।७४ लागि कुल अनुमानित वजेट रु ६३ करोड ७५ लाख ८७ हजार अनुमान गरेको छु । जुन परिमार्जित चालु आ.व.को वजेटको

तुलनामा ४.०६ प्रतिशतले बढी हो । यथार्थपरक अनुमानको अभ्यास गर्दा यो वृद्धि सिमान्त देखिएता पनि आन्तरिक आय तर्फको अनुमान केहि महत्वाकांक्षी नै रहेको मान्दछु । कुल बजेट मध्ये आन्तरिक आम्दानी तर्फ रु. २५ करोड २५ लाख ५८ हजार र बाह्य स्रोततर्फ ३८ करोड ५० लाख २९ हजार अनुमान गरेको छु । आन्तरिक आम्दानीतर्फ स्थानीय कर रु. ९ करोड ४१ लाख ५० हजार , सेवा शुल्क रु.६ करोड ०५ लाख ८३ हजार , दस्तुरहरुबाट रु. ७ करोड ९२ लाख ५० हजार, बिक्रीबाट रु. २ लाख ५० हजार, स्रोत परिचालन र अन्य आय समेत गरी १ करोड ८३ लाख २५ हजार रहने अनुमान छ। आन्तरीक आय तर्फ आगामी बर्ष प्रस्तावित रकम चालु आ ब.को तुलनामा ५६ प्रतिशतले बढि हुन आउदछ । यसै गरी बाह्य तर्फ नेपाल सरकार, वैदेशिक सहायता एवं अन्य निकायबाट प्राप्त हुने अनुदान तथा ऋण समेत गरी रु. ३८ करोड ५० लाख २९ हजार रहने अनुमान गरेको छु । बाह्य आम्दानी तर्फ आगामी बर्ष प्रस्तावित रकम चालु आ ब.को तुलनामा १४.५९ प्रतिशतले घटी हुन आउछ । गत आ.व. को भुक्तानी बाँकी रकम बैंक सरी आएको कारणले यस्तो हुन गएको छ ।
यसै गरी ब्यय अनुमान तर्फ चालु खर्च मा रु १२ करोड ५५ लाख मध्ये उपभोग खर्च रु ९ करोड ५७ लाख ५० हजार , कार्यालय संचालन खर्च रु १ करोड ५९ लाख ५० हजार, सेवा खर्च रु ५० लाख ५० हजार , व्याज भुक्तानी रु ७० लाख , भैपरी र फिर्ता खर्च गरी १७ लाख ५० हजार र सामाजिक सुरक्षा तर्फ १० करोड २३ लाख २० हजार प्रक्षेपण गरिएको छ । त्यसैगरी पुजीगत खर्च तर्फ रु ४० करोड ९७ लाख ६७ हजार मध्ये फोहरमैला तथा वातावरण मैत्री स्थानीय शासन तर्फ रु ५ करोड ३५ लाख ,स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम रु १ करोड ३ लाख ८ हजार , बाल श्रम तथा वाल संरक्षणमा रु १ करोड ०५ लाख ,लक्षित वर्ग कार्यक्रम तर्फ रु १ करोड ९८ लाख ,सावाँ फिर्ता तर्फ रु १ करोड र भौतिक तथा पूर्वाधार विकास निर्माण तर्फ रु ३० करोड ५६ लाख ५९ हजार प्रक्षेपण गरिएको छ ।

**प्रमुख अतिथी, विशिष्ट अतिथीज्यूहरु एवं उपस्थित महानुभावहरु** :
योजनाको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण कार्य हो, त्यो भन्दा महत्वपूर्ण कार्य त्यसको प्रभावकारी कार्यान्वयन हुनु हो । सम्वद्ध सवै पक्षको सार्थक सहयोगबाट तयार भएको यो दस्तावेजको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका रहने तथ्य निर्विवाद छ । यस अवसरमा भरतपुर उप-महानगरपालिकाको विकासको सन्दर्भमा प्रभावकारी भूमिका खेल्ने अन्तर्राष्ट्रिय संघ संस्थाहरु, स्थानीय, राष्ट्रिय संघ संस्थाहरु प्रति हार्दिक धन्यवाद् व्यक्त गर्दै भोलिका दिनहरुमा समेत यथोचित सहयोग र सद्भावको अपेक्षा गरेको छु ।

भरतपुर उप-महानगरपालिकाले आगामी बर्षको लागि प्रस्ताव गरेका सम्पूर्ण बजेटको पूर्ण विवरण यहाँ राख्न व्यवहारिक पनि नभएको कारणले गर्दा यसको साराशं मात्रै प्रस्तुत गरेको तथ्य अनुरोध गर्दै उक्त वजेटको पूर्ण विवरण अविलम्ब यस उप-महानगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा पनि निवेदन गर्न चाहन्छु । यसै सन्दर्भमा वजेट तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिइएको नीतिहरुको विस्तारित खाका समेटिएको पुस्तक यथाशीघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु । साथमा धेरै व्यक्ति तथा संस्थाको अथक मेहनतबाट तयार भएको नगर परिषद्को निर्णय समेटिएको उक्त पुस्तक फगत एक सूचना सामाग्रीको रुपमा नरही भरतपुर उपमहानगरपालिकाको प्राथमिकताको रुपमा नेपाल सरकारका सम्पूर्ण मन्त्रालय तथा विभागहरु, विकासको क्षेत्रमा क्रियाशील सवै गैरसरकारी संस्थाहरु तथा सबै विकासका साझेदारहरु लगायत यस उपमहानगरपालिकाको विकासमा चिन्तनशील व्यक्ति तथा समुदायको लागि महत्वपूर्ण दस्तावेज बन्न सकोस् भन्ने सुभेच्छा समेत राख्दछु ।

**अन्तमा**,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी प्रमुख अतिथिको रुपमा पाल्नुहुने प्रमुख अतिथि नेपाल सरकारका मुख्य सचिवज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै आजको यस विशेष अवसरमा उपस्थित भई हामीलाई हौसला प्रदान गर्नु हुने विशिष्ट अतिथि माननीय सांसद्ज्यूहरु प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसैगरी राजनैतिक दलका प्रमुखज्यूहरु, प्रशासनिक निकायका प्रमुखज्यूहरु, गैर सरकारी तथा सामाजिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, टोल विकास संस्थाका पदाधिकारीहरु, सञ्चारकर्मी साथीहरु, विषयगत कार्यालय तथा उमनपाका कर्मचारी मित्रहरु तथा आमन्त्रित सम्पूर्ण अतिथिज्यूहरुलाई यस नगर परिषद्मा सक्रिय सहभागिता जनाई परिषद्को गौरव बढाईदिनु भएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद्

महेश बराल
(कार्यकारी अधिकृत, भरतपुर उमनपा, भरतपुर, चितवन)

मिति २०७२ पौष २८ गते मंगलबार ।